# रेडप्लसः द्वन्द्व र समन्वयको कारक[1]

✍डेभिड ग्रिटेन[2], चन्द्र सिलोरी, रेगन सुजुकी र अहमद धिउल्हक

## परिचय

विकासोन्मुख राष्ट्रहरुमा वन व्यवस्थापनका कार्य तथा योजना विवादस्पद हुँदै आएका छन् (De Koning *et al.* 2007; Gritten *et al.* 2012) । विश्वभरिका वनमा आधारित कैयौं मानिसलाई जब केन्द्रमा राखेर हेरियो तब मात्र यसको महत्व रेखांकन गरियो । उदाहरणका लागि, एसियामा झन्डै ४५ करोड मानिस जंगल वरिपरि बसोवास गर्दछन् (ADB 2003) । यसै सन्दर्भमा, उनीहरुको सामाजिक एवं आर्थिकस्तरमा योगदान पुऱ्याउने उद्देश्यले रेडप्लसको विकास एवं कार्यान्वयन गरियो । यसको महत्वकांक्षी विकास एवं कार्यान्वयनले वातावरणीय, सामाजिक एवं आर्थिक पक्षको प्रभावबारे विभिन्न व्यक्तिले गरेका अध्ययन एवं छलफलहरुले समुदायबीच विवाद एवं मुठभेडको अव स्था रहेको देखाएका छन् ।

रेडप्लसले वनको माध्यमबाट जलवायु परिवर्तनको असर न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने कुराको पुष्टि गरेको छ । विश्वको १२-१७% हरितगृह ग्यासको उत्सर्जन, वन विनाश एवं भूउपयोग परिवर्तनको कारणले गर्दा भएको देखिन्छ (IPCC 2007) ।  रेडप्लसले कार्बन उत्सर्जनमा कटौती, "+" ले दिगो वन व्यवस्थापनमा जोड दिनुका साथै वनमा कार्बन सञ्चिति एवं त्यसको संरक्षणलाई बुझाउँछ । "+" लाई कसरी परिभाषित गर्ने भन्ने कुरा विश्वभरका नागरिक समाज, संघ-संगठन तथा वनमा आधारित समुदायबीच विवाद अझै विद्यमान छ ।

वन स्रोत व्यवस्थापनमा दिगोपन प्रमुख पाटो हो । रेडप्लसका विभिन्न पक्षहरुको महत्व विश्लेषणमा  दिगो वन व्यवस्थापनका लागि कस्ता कार्य आवश्यक छन् भन्ने निर्धारित हुन्छ । रेडप्लस, यस्तो उदाहरण हो, जसमा अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा उपराष्ट्रियस्तरको वन व्यवस्थापनले कस्तो असर पार्छ भन्ने कुराको जाँच गरिन्छ । सरल रुपमा भन्नुपर्दा, यी प्रत्येक तह, अन्तर्राष्ट्रिय (उत्सर्जन कटौती), राष्ट्रिय (आर्थिक विकास एवं गरिबी न्यूनीकरण) एवं उपराष्ट्रिय (जिवीकामा सुधार) स्तरमा वन कसरी र किन व्यवस्थापन गर्ने भन्ने आ-आफ्नै महत्व छन् र यो त्यही स्थान हो जहाँ द्वन्द्वको बीउ देख्न सकिन्छ । यो बीउलाई सीमित अधिकार एवं निर्णायक प्रक्रियामा सहभागिताको कमीजस्ता चुनौतीहरुले ठूलो बनाउँदै लान्छन् ।  रेडप्लसलाई  विभिन्न तहमा सफल बनाउनका लागि सबै विचारलाई उत्तिकै समावेशी बनाउँदै एवं सम्मान गर्दै प्रभावकारी ढंगले सक्षम बनाउन पनि आवश्यक छ ।

माथिको सन्दर्भमा यस लेखको उद्देश्य, रेडप्लसभित्रका सम्भावित द्वन्द्व/बहसको छोटो रुपमा अध्ययन एवं तिनका चुनौतीहरुका नकारात्मक पक्षलाई न्यूनीकरण गर्नुका साथै सकारात्मक पक्षलाई बढावा दिनु पनि हो ।

## रेडप्लस द्वन्द्वको बाहक

रेडप्लस कार्यान्वयनको सुरुवात सार्थक जोखिमकासाथ भएको छ, जसले भइरहेका द्वन्द्वहरुलाई सहयोग गर्दै नयाँलाई जन्म दिने सम्भावना छ । वास्तविक रुपमा भन्नुपर्दा, यी चुनौतीहरुको व्यवस्थापन प्रक्रियाले नै यसको सफलतालाई निर्धारित गर्नेछ, जसका कारण रेडप्लसका स्थानीयस्तरका कार्यलाई सहयोग गर्नुपर्ने खाँचो छ ।

## रिकफ्ट

रिकफ्ट, स्थानीय समुदायलाई न्यायपूर्ण एवं भौगोलिक रुपमा वन भूदृष्यको दिगो व्यवस्थापनमा सहयोग गर्नका लागि सक्रिय रुपले संलग्न संस्था हो । यसले रेडप्लसका आधारभूत प्रक्रियाका साथै समुदायले

[1] फरेष्टएक्सनको Journal of Forest and Livelihood [vol 11 (2): 2013] मा प्रकाशित "REDD+ as a source of conflict and co-operation" शिर्षक लेखको नेपाली अनुवाद ।

[2] पत्राचारः david.gritten@recoftc.org

अनुभव गरेका वन व्यवस्थापन, रेडप्लस र यसको कार्यान्वयनका असर जस्ता सम्भावित चुनौतीहरुको पहिचानका अलावा विभिन्न क्षेत्रमा रेडप्लसको विकास एवं कार्यान्वयनको निरीक्षण पनि गरिरहेको छ। यसै कार्यअन्तर्गत रिकफ्टले समुदायले अनुभव गरेका रेडप्लस एवं यसको कार्यान्वयनका साथै वन व्यवस्थापनका कारणबाट उत्पन्न हुनसक्ने सम्बन्धित द्वन्द्वका चुनौतीहरु पहिचान गर्ने खाका तयार पारेको छ (Patel *et al.* 2013)। वर्तमान अवस्थासम्म, उक्त ढाँचा नेपाल र भियतनाममा लागू गरिसकिएको छ भने कम्बोडिया र म्यानमारका रेडप्लसका क्षेत्रमा पनि लागू भइरहेको छ।

**तालिका नं १. अमेलका स्रोतहरु**

| स्रोत | अमेलको उदाहरण | स्पष्टीकरण |
|---|---|---|
| पहुँच एवं प्रयोगमा रोकावट | संरक्षण क्षेत्रको स्थापना एवं नीतिसँग सम्बन्धित कम्पनीलाई जग्गामा छुट दिने नीतिको कारणले सरोकारवालाहरु निम्ति वनको पहुँच एवं प्रयोगमा सिमितता। | वनमा आधारित सरोकारवालालाई आधारभूत आवश्यकता पूरा गर्नका लागि प्राकृतिक स्रोतमा पहूँच हुन आवश्यक छ। वन पैदावारको संकलनमा स्थानीय समुदायको पहुँच एवं क्षमतालाई सीमित गर्ने नीति, नियम एवं प्रक्रियाले द्वन्द्वहरु सिर्जना गर्न सक्छ। त्यसकारण, रेडप्लस यस्तो रुपले आउनुपर्‍यो, जसले गर्दा जनताको वनसँगको सम्बन्धलाई परिवर्तन गर्न नपरोस्। |
| लाभांश बाँडफाँट | वन व्यवस्थापनको लाभांस बाँडफाँडमा अस्पष्ट एवं असमाबेसी व्यवस्थाहरु। | निष्पक्ष एवं न्यायोचित लाभांश बाँडफाँट प्रक्रियाको कमीले स्थानीय सरोकारवाला बीच, लाभांश पाउनुपर्ने सन्दर्भमा शत्रुता पैदा गराउन सक्छ। रेडप्लसका सम्भावित फाइदा/लाभांशहरुलाई, अगाडि नै उल्लेख गरेझैं लाभांश सिर्जना एवं बाँडफाँटमा समीकरण गर्नुपर्छ। |
| आवश्यकतामा प्रतिस्पर्धा | Extractive व्यवस्थापनका उद्देश्यहरु बीचका जुधेका, विकासका मुद्धा, आर्थिक विकासलाई महत्व, वन क्षेत्रको सांस्कृतिक एवं संरक्षणको opportunity cost | आर्थिक विकासकोनिम्ति गरिएको संरक्षण अथवा विनाशले प्राकृतिक स्रोत व्यवस्थापनलाई विवादास्पद बनाउँछ। स्रोतसँग जोडिएका सांस्कृतिक महत्वले तिनीहरुको व्यवस्थापनमा अझ असर पुर्‍याउने देखिन्छ। वैकल्पिक वन व्यवस्थापनका उपायले आम्दानीको व्यवस्था गर्दै रेडप्लसलाई समुदायको निम्ति कम उपयुक्त बनाउँछ। |
| द्वन्द्व व्यवस्थापन क्षमता | द्वन्द्व व्यवस्थापनका लागि स्थानीय तथा राष्ट्रिय सरकारको तर्फबाट सहयोगमा कमी | वन क्षेत्र एवं स्रोतको द्वन्द्व व्यवस्थापनका लागि स्वस्थ एवं प्रभावकारी प्रक्रियाको कमीले गर्दा द्वन्द्वलाई बढावा दिन सक्छ। तनावको कारण भइरहेका प्रथालाई कमजोर बनाउने, वनमा आधारित उपभोक्ताका आर्थिक एवं सामाजिक जोखिमलाई बढावा दिँदै वातावरणीय क्षयीकरण गर्न सक्छ। क्षतिपूर्तिको स्पष्ट प्रक्रियाको अभावमा सामाजिक सुरक्षाकवच जस्तै एफपीइसी (स्वतन्त्र, अग्रिम, सुसूचित, सहमति) नै रेडप्लस द्वन्द्वको कारक हुने सम्भावना छ। |

| | | |
|---|---|---|
| नेतृत्व | नेतृत्व, पारदर्शी, जवाफदेही एवं प्रतिनिधिमूलक छैन । निर्णायप्रक्रिया एवं पदमा ठूलाबढाको वर्चस्व । | समाजका ठालू/ हुने खानेहरुको कार्यसमिति एवं नेतृत्वदायी स्थानमा असमान हस्तक्षेप छ । उनीहरुको उच्च सामाजिक अवस्थाले, पारदशिता एवं जवाफदेहिताको वेवास्ता गर्दै नेतृत्व भ्रष्ट क्रियाकलापमा संलग्न गराउन सक्षम बनाएको छ । रेडप्लसको दृष्टिकोण एवं अवधारणा कार्यान्वयनले यस्ता असन्तुलित शक्तिलाई मजबुत बनाउन सहयोग गर्न सक्छ । |
| कानुनी तथा नीतिगत संरचना | राज्यको स्थानीय एवं परम्परागत प्रथाप्रति प्रभुत्व, वन व्यवस्थापनका अस्पष्ट नियम, कानुनी बुझाइ एवं कार्यान्वयनमा अभाव । | प्रभावकारी वन व्यवस्थापन, वैधानिक नीति-नियम संरचनाको स्पष्टता एवं सुसंगतमा भर पर्छ । राष्ट्रको नीति नियमले परम्परागत नियम एवं स्थानीय वास्तविकतालाई ओगट्न सकेको छैन, जसले नीतिगत द्वन्द्वको सिर्जना गर्न सक्छ । कार्यान्वयन, अनुगमन एवं मूल्यांकनको लागि पर्याप्त व्यवस्थाको कमीले वैधानिक अस्थिरता निम्त्याउन सक्छ । रेडप्लसको माध्यमद्वारा कार्बन व्यापारले विद्यमान वन व्यवस्थापन नियन्त्रण संयन्त्रमा जटिलता थप्न सक्छ । |
| सहभागिता एवं सूचना | बुझाइ एवं सिर्जनाको पहुँचमा कमी, सरोकारवालाको वन व्यवस्थापनमा अर्थपूर्ण सहभागिताका लागि अवसरको कमी । | कहिलेकाँही वनका नीति नियम स्थानीय सरोकारवालाको सक्रिय सहभागिताविना नै बनाइन्छ जसको कारण स्थानीय पद्धति एवं अधिकारलाई राज्यले बनाएका नीति नियमले समेट्न सकेको हुँदैन । सरोकारवाला समूहसँगको छलफल, परामर्श एवं सूचनाको अपर्याप्तताले गर्दा द्वन्द्वको सिर्जना हुन सक्छ । अझ, त्यस्ता ठाउँहरुमा, जहाँ रेडप्लस कार्यान्वयन प्रक्रियामा प्रभाव पारेकालाई यसबारे बुझाउन एवं राजी गराउन क्षतिपूर्तिको व्यवस्था गरिएको छ, त्यस्ता प्रक्रिया/व्यवस्थाको प्रयोग पनि प्रमाणित हुन सकेको छैन । |
| स्रोतको विशेषता | बाह्य कारणले गर्दा आँकलित एवं वास्तविक वन स्रोतमा फरक | वन क्षेत्र एवं स्रोतहरुको परिमाणको कमीले गर्दा सरोकारवाला बीच तनाव सिर्जना हुन सक्छ । रेडप्लसका फाइदाहरुले वनको विशेषतामाथि जानी जानी फरक धारणा व्यक्त गर्न प्रेरित गर्न सक्छ । |
| अधिकारको सुरक्षा | राष्ट्रिय सरकारी एवं सामुदायिक वनबीच अस्पष्ट सीमाना, जमिनको परम्परागत प्रयोग एवं अधिकारलाई न्यून मान्यता । | वनको जमिन एवं स्रोतमा सरोकारवालाको स्पष्ट एवं फेरबदल नहुने मान्यताको कमीले द्वन्द्वलाई उर्जा प्रदान गर्न सक्छ । त्यस्ता मान्यताहरुले सरोकारवालाको स्रोतलाई व्यवस्थापन, नियन्त्रण एवं उपयोग गर्ने अधिकारलाई समर्थन गर्छ । तर, व्यवहारमा, अधिकारसम्बन्धी कुरालाई या त अस्पष्ट रुपमा व्याख्या गरिएको छ, अथवा समावेश नै गरिएको छैन । जसले गर्दा राष्ट्रिय एवं सामुदायिक वनबीच सिमानामा over lap छ । विशेषगरी, परम्परागत एवं चलनचल्तीको अधिकारको मामलामा यो सत्य हो । रेडप्लसले कार्बनको स्वामित्व एवं फाइदाको हकमा महत्वपूर्ण प्रश्न बोकेको छ । |

नेपालमा उक्त ढाँचा/संरचना तीनवटा जलाधार क्षेत्रहरुमा परीक्षण गरिएको थियो । खयरखोला (चितवन जिल्ला), लुधीखोला (गोर्खा जिल्ला), चर्नावति (दोलखा जिल्ला) जहाँ नोराड (NORAD) को आर्थिक सहयोगमा रेडप्लसको परीक्षण ईसिमोड (ICIMOD), सामुदायिक वन उपभोक्ता महासंघ (FECOFUN) एवं एनसाव (ANSAB) ले गरेका थिए । द्वन्द्वको कारक बन्न सक्ने, ती सामुदायिक वन उपभोक्ता समूहभित्रका चुनौतीलाई राष्ट्रिय तथा स्थानीय निकायले सम्बोधन गर्न नसकेको कुरा विभिन्न अध्ययन परिणामले देखाएका छन् । समुदायका प्रतिनिधिहरु, जसले अनुसन्धानमा भाग लिए, उनीहरुले लाभांश बाँडफाँट, सहभागिता एवं सूचना आदानप्रदानजस्ता चुनौतीलाई प्राथमिकता दिए, जो रेडप्लसभन्दा अगाडि नै द्वन्द्वको कारक थिए । उदाहरणको लागि, लाभांश बाँडफाँटसँगै गरिब घरधुरीको पहिचानमा प्रयोग भएको तरिकाले त्यसको परिणामलाई असर गरेको छ र यसका साथसाथै वन पैदावार संकलन, व्यवस्थापन एवं संरक्षणमा पनि चाहिनेभन्दा बढी जोड दिइएको देखिन्छ ।

उक्त संरचना/ढाँचा रेडप्लससँग सम्बन्धित द्वन्द्वको भविष्यवाणीमा सहयोग पुऱ्याउने बाहेक समुदायमा द्वन्द्व व्यवस्थापनभित्रका अन्य क्षेत्रजस्तै वन व्यवस्थापनमा पनि सहयोग पुऱ्याउने देखिन्छ । यस सन्दर्भमा, द्वन्द्व व्यवस्थापन भन्नाले, द्वन्द्वको समाधान मात्र नभएर तिनीहरु भित्र रहेका विभिन्न कारण जसले रेडप्लस कार्यान्वयनका चुनैतीलाई सम्बोधन गर्दै द्वन्द्व भित्रका सकारात्मक पक्षलाई बढावा दिने भन्ने बुझाउँछ; जस्तै द्वन्द्व रुपान्तरण ।

## रेडप्लस सामाजिक रुपान्तरणको बाहक

रेडप्लसले द्वन्द्वभित्रका कारणहरु जस्तै, अधिकारलाई सम्बोधन गर्न प्रोत्साहित गर्छ र यसमा रेडप्लस दक्षताको विभिन्न निकायले सम्बोधन पनि गरेका छन् । विभिन्न नागरिक समाज जस्तै आदिवासी जनजाति गठबन्धन इन्डोनेसियाको उत्साहजनक उपस्थितिले पुष्टि गरेको छ र उनीहरुले उक्त नागरिक समाजले आदिवासी जनजातिको जमिनमाथिको अधिकारका लागि सहयोग गर्छ भन्ने अपेक्षा गरेका छन् (Pye 2012) । यसका अलावा, United Nation Framework Convention on Climate Change (UNFCCC), Cancun Agreement (CoP 16) एवं Durban Outcomes (CoP 17) अन्तर्गत सुरक्षाकवच त्यसरी निर्माण हुन्छ, जसले गर्दा रेडप्लस द्वन्द्वको अन्तरनिहित कारक होइन भन्ने कुरा सुनिश्चित गर्छ । जस्तै, Cancun सम्झौतामा सुरक्षाकवचले सम्बन्धित सरोकारवाला, विशेषगरी जनजाति तथा स्थानीय समुदायको पूर्ण एवं प्रभावकारी उपस्थितिलाई समावेश गरेको छ । यस्ता सुरक्षाकवचले सम्बन्धित सरकारी निकाय, रेडप्लसका संवाहकहरुका साथै निर्णायक तह जस्तै सामुदायिक वन उपभोक्ता समूहभित्र, रेडप्लसको लाभांशमा पहुँचको लागि न्यायोचित बाँडफाँट जस्ता चुनौतिहरुलाई सम्बोधन गर्नको लागि दबाब दिन्छन् । उदाहरणको लागि नर्वे-इन्डोनेसिया पार्टनरसीप, जसमा नर्वेले आउँदा वर्षहरुमा एक अर्ब अमेरिकी डलर प्रदान गर्नेछ, जसवापत इन्डोनेसियाले पारदर्शी ढंगले तालिका १ मा प्रस्तुत गरिएका मिल्न नसकेका बुँदालाई सम्बोधन गर्दै वन फँडानी एवं क्षयीकरणमा रोक्न खर्च गर्नेछ । यसप्रकारको रेडप्लसको सुरुवातले सरकारलाई सुशासनसँग सम्बन्धित चुनौतीहरुलाई सम्बोधन गर्न प्रोत्साहित गर्नेछ । यदि उनीले छलफल भएअनुसारको ठूलो कोषको स्रोतको पहुँचका बारेमा चासो तथा सोच राख्ने हो भने ।

रेडप्लसका चुनौतीहरुलाई सम्बोधन गर्दै यसले सामाजिकस्तरमा पुऱ्याउने अवसर र महत्वलाई विभिन्न विकास परियोजना जस्तै नोराड एवं स्वीस विकास परियोजनाजस्ता दाताहरुको लगानीद्वारा प्रष्ट भएको छ । आर्थिक एवं अन्य सहयोग, स्थानीयस्तरमा विभिन्न परियोजनाका माध्यमबाट परिभाषित गरिएको छ, जस्तै रिकफ्टले समन्वय गरेको Grassroots Capacity Building for REDD+ राष्ट्रिय र क्षेत्रीय स्तरमा, ASEAN Swiss Partnership on Social Forestry and Climate Change, Free, Prior and Informed Consent (FPIC) को बारेमा विभिन्न रेडप्लसका क्षेत्रहरु जस्तै इन्डोनेसिया, लाओस, म्यानमार, नेपाल र भियतनाममा वकालत गर्नुका साथै स्थानियस्तरमा विभिन्न सरोकारवालाको क्षमता अभिवृद्विमा सहयोग गरेको छ । जसले गर्दा, स्थानीय समुदाय रेडप्लसको विकास एवं विस्तार हुने क्रममा निर्णायक एव कार्यान्वयन प्रक्रियामा सक्रियताका साथ सहभागी हुन सकून् । यसका साथै उनीहरु वनमा लगानी भएअनुसार उचित फाइदा लिन पनि सक्षम होउन् भन्ने हो ।

दीर्घकालीन कार्यहरुमा सहभागिताका लागि बढ्दो जनचेतनाले सरकार एवं कम्पनीजस्ता मुख्य सरोकारवालालाई निर्णय प्रक्रियामा संलग्न गराउन प्रोत्साहित गरिरहेको छ । उदाहरणका लागि, सामाजिक मूल्यांकन प्रभाव, एवं एफ.पी.आई.सी. । तर यस्तो बढ्दो सहभागिताका लागि प्रयोगमा ल्याइएका विश्वभरिका विभिन्न तरिका एवं असरका विविध कारण छन् (Gritten 2009; Gritten *et al.* 2009)। यद्यपि रेडप्लसको विकास एवं कार्यान्वयन, रेडप्लसका संरचनासँगै विकसित राष्ट्रहरुबाट भित्रिएको स्रोतलाई विकासको सकारात्मक कारक मान्न सकिन्छ । तर, रेडप्लसको कार्यान्वयनले द्वन्द्वभित्रका कारणलाई सम्बोधन गर्न उचित प्रयासको आवश्यकता पर्ने देखिन्छ । अर्को रुपमा भन्ने हो भने रेडप्लसका साथै अन्य अन्तर्राष्ट्रिय सुरुवात जस्तै European Union Forest Law Enforcement Governance and Trade (EU FLEGT) हरुले सरकारलाई सामाजिक रुपान्तरण गर्दै यसका चुनौतीहरुलाई तालिका १ मा जस्तै सम्बोधन गर्न प्रेरित गर्छ ।

## निष्कर्ष तथा सुझाव

एसियामा वन व्यवस्थापनले भोगिरहेका चुनौतीहरुको प्रमुख कारण कमजोर सुशासन हो । रेडप्लस चुनौती हो तर यसलाई स्वामित्वको सुरक्षा, लाभांश बाँडफाँट एवं द्वन्द्व रुपान्तरणसँग सम्बन्धित चुनौतीहरुलाई सम्बोधन गर्दै यसलाई कसरी निर्माण एवं कार्यान्वयन गर्न सकिन्छ भनेर जान्ने अवसर पनि हो ।

हामी रेडप्लसलाई कस्तो भएको देख्न चाहन्छौं ? सारमा, हामी यसलाई कार्बन व्यवस्थापन उपकरणका रुपमा मात्र नभएर दिगो वन व्यवस्थापनलाई प्रेरित गर्ने उपकरणका रुपमा समेत हेर्न चाहन्छौं । माथि उल्लेख गरिएझैं, रेडप्लसको दिगो वन व्यवस्थापनमा महत्वपूर्ण भूमिका छ, जसलाई वन संरक्षणमा हुँदै आएका लगानी मध्ये धेरै छलफल भएको कारणले नै पुष्टि गर्दछ । तर यसको क्षमता तबसम्म पुष्टि हुँदैन, जबसम्म रेडप्लसका सहयोगी, राष्ट्रिय सरकार, रेडप्लसका दाता एवं अन्तर्राष्ट्रिय संघ संस्था जस्तै युएन-रेड, नागरिक समाज संलग्नका साथै स्थानीय संघ, संस्थाहरु जो सुरक्षा कवचको सुनिश्चितताका लागि सँगै काम गर्दैनन् । यी सुरक्षाकवचले द्वन्द्वभित्रका कारणलाई सम्बोधन गर्नेछन् (तालिका नं. १) ।

## ठोस सुझाव

१. स्थानीय, उपराष्ट्रिय एवं राष्ट्रियस्तरका संघसंस्थाका साथै निजी क्षेत्रका संस्थाको क्षमता विकास गर्ने, ताकि रेडप्लसको कार्यान्वयनसँगै अझ जटिल हुन सक्ने द्वन्द्वभित्रका कारणलाई उनीहरुले तार्किक रुपले प्रस्तुत गर्न सकून् । निजी क्षेत्रको सहभागिताले धेरै जसो मामलामा वन फँडानीका कारण वनक्षेत्र भन्दा बहिर (जस्तै वनक्षेत्रको सुविधा नै द्वन्द्वको कारक) भएको तथ्यलाई जोड दिन्छ ।

२. यो लेख रेडप्लसको सीमित परिधिको उपयोगमा आधारित भएता पनि अध्ययनको सहजीकरण सम्बन्धित देशमा हुनु आवश्यक छ । तर, जब रेडप्लस विस्तृत रुपमा अगाडि बढ्छ, तब थप चुनौतीहरु अगाडि आउने सम्भावना देखिन्छ । त्यसैले अनुसन्धानलाई विभिन्न सांस्कृतिक, जैविक तथा भौतिक सन्दर्भ एवं वनको महत्व र प्रकारको हिसाबले विविधता ल्याउनुपर्ने देखिन्छ । यसै सन्दर्भमा सुरुवातमा रेडप्लस द्वन्द्व रुपान्तरणको कारक हुनुपर्ने देखिन्छ । विस्तृत रुपमा भन्नुपर्दा भइरहेका द्वन्द्व एवं द्वन्द्व व्यवस्थापनहरुले रेडप्लसका सम्भावित द्वन्द्वहरुको बारेमा सचेत गराउँछ ।

३. रेडप्लसको स्थानीय परियोजनाको धारणाअनुसार, स्थानीयस्तरमा, स्थानीय परम्परा एवं व्यवहारको पहिचान गरेर, तिनीहरुलाई नै द्वन्द्व रुपान्तरणको सञ्चार उपकरणको रुपमा प्रयोग गर्न आवश्यक छ ।

४. रेडप्लसका सबै लेखका सुझाव, उस्तै उस्तै छन् । तिनीहरुले वन क्षेत्रको संवैधानिक एवं परम्परागत हकको सम्बोधन गरेका छन् र यस सन्दर्भमा यो लेख पनि अछुतो छैन । सुरक्षित भूमि अधिकार, दिगो वन व्यवस्थापन तथा सम्बन्धित समुदायको सुरक्षित आधारभूत मानव अधिकारको अभिन्न अंग भएकाले वनमा आधारित समुदायको लागि भूमिअधिकार तार्किक एवं प्रगतिशील ढंगले सम्बोधित हुनुपर्छ ।

५. भूमिअधिकारपछिको अर्को खुडकिलो दिगो वन व्यवस्थापन अझ सुनिश्चित गर्नका लागि, समुदायले कानुनी रुपमै आम्दानी गर्न पाउने हुनुपर्छ भन्ने

हो । जस्तै सहयोगी नियमावलीको आवश्यकता, जसले गर्दा समुदायले काठ कटान गर्न एवं बेच्न सकुन् । प्रत्येक क्षेत्रमा सरकारले वन व्यवस्थापन सम्बन्धी नीति-नियमबारे पुनर्विचार गर्दै उक्त नीति, नियम दिगो वन व्यवस्थापनका साथै गैरकानुनी रुख कटानी रोक्नका लागि सक्षम छ कि छैन भनेर परीक्षण गर्न जरुरी छ ।

## आभार

लेखकहरु फरेष्टएक्सनप्रति कृतज्ञ छन्, विशेषगरी नया शर्मा पौडेल, हरि शरण लुँइटेल र दिलबहादुर खत्री, जसले यस लेखको निर्माण प्रक्रियामा सहयोग पुऱ्याएका छन् । यो कार्य रिकफ्ट, रेडनेट एवं नोराडले सहयोग गरेको क्षेत्रीय परियोजना, grassroots capacity developing as REDD+ को आर्थिक सहयोगमा सम्पन्न भएको हो । यसबाहेक, हामी इसिमोड, सामुदायिक वन उपभोक्ता महासंघ, एनसाब एवं नोराडले नेपालको अवलोकन भ्रमणमा पुऱ्याएको सहयोगप्रति पनि आभारी छौं ।

## सन्दर्भ सामग्री

**ADB**. 2003. Forest Policy. Working Paper June 2003. Manila, Philippines: The Asian Development Bank

**De Koning, R., Capistrano, D., and Yasmi, Y.** 2007. The Role of Forest Tenure and Governance in Addressing the Global Challenge of Reducing Violent Conflict in Forest Countries. Bogor, Indonesia: Center for International Forestry Research and Rights and Resources Initiative

**Gritten, D.** 2009. *Facilitating Resolution of Forest Conflicts through Understanding the Complexity of the Relationship between Forest Industry and Environmental Groups.* Dissertationes Forestales 91. Helsinki, Finland: The Finnish Society of Forest Sciences

**Gritten, D., Mola-Yudego, B., Delgado-Matas, C. and Kortelainen, J.** 2012. A Quantitative Review of the Representation of Forest Conflicts across the World: Resource Periphery and Emerging Patterns. *Forest Policy and Economics* (In press) doi:10.1016/j.forpol.2012.06.008

**Gritten, D., Saastamoinen, O. and Sajama, S.** 2009. Ethical Analysis: A Structured Approach to Facilitate the Resolution of Forest Conflicts. *Forest Policy and Economics,* **11**(8): 555–560

**IPCC**. 2007. Climate Change 2007: The Physical Science Basis. Contribution of Working Group I to the Fourth Assessment Report of the Intergovernmental Panel on Climate Change. In: S. Solomon, D. Qin, M. Manning, Z. Chen, M. Marquis, K.B., Averyt, M. Tignor and H.L. Miller, (Eds.). NY, USA: Cambridge University Press

**Patel, T., Dhiaulhaq, A., Gritten, D., Yasmi, Y., De Bruyn, T., Paudel, N.S., Luintel, H., Khatri, D.B., Silori, C. and Suzuki, R.** 2013. Predicting Future Conflict under REDD+ Implementation. *Forests.* 4(2): 343-363.

**Phelps, J.; Webb, E.L., and Agrawal, A.** 2010. Does REDD+ Threaten to Recentralize Forest Governance? *Science*, **328**: 312-313.

**Pye, O.** 2012. Carbon Markets and REDD in South-East Asia: An Interview with Chris Lang from REDD-Monitor. *ASEAS-Austrian Journal of South-East Asian Studies*, **5**(2): 352-358.

**Wertz-Kanounnikoff, S. and D. McNeill.** 2012. Performance Indicators and REDD+ Implementation. In: Angelsen, A., Brockhaus, M., Sunderlin, W.D., Verchot, L. (Eds). Analyzing REDD+: Challenges and Choices, 233–46. CIFOR, Bogor, Indonesia.

**Yasmi, Y., Kelley, L., Murdiyarso, D. and Patel, T.** 2012. The Struggle over Asia's Forests: An Overview of Forest Conflict and Potential Implications for REDD+. *International Forestry Review,* **14**: 1-11.

# रेडप्लसमा समताको सवाल

✍गणेशकुमार विश्वकर्मा[1] र ज्योति घिमिरे

## विषय सन्दर्भ

जलवायु परिवर्तनको क्रम निरन्तर भईरहने प्राकृतिक प्रक्रिया हो । तर पनि विभिन्न मानवीय क्रियाकलापले यसको प्राकृतिक प्रक्रियामा असर पुग्न गई असामान्य र तीव्र तापक्रम वृद्धिले जलवायु परिवर्तन विश्वव्यापी चासोको विषय बन्दै गइरहेको छ । बिसौं शताब्दीमा पृथ्वीको तामक्रम ०.६ डि.ग्री. सेल्सियसका दरले बढेको देखिन्छ र यही गतिमा परिवर्तन भइरहने हो भने अबको सय वर्षमा १.८ देखि ४ डिग्री सेल्सियस सम्म तापक्रम बढ्ने अनुमान वैज्ञानिकले गरेका छन् (IPCC 2003)। विकास प्रक्रियासँगै मानवीय आवश्यकता पूर्तिका लागि गरिने विभिन्न क्रियाकलापले गर्दा वायुमण्डलमा हरितगृह ग्यासको मात्रा बढेको छ । जलवायु परिवर्तनको नियमित प्रक्रियामा यसैले असर पुऱ्याइरहेको वैज्ञानिकले प्रमाणित गरिसकेका छन् । यसैको प्रत्यक्ष तथा अप्रत्यक्ष असर विभिन्न भौगोलिक क्षेत्रमा भिन्न रुपमा देखा परिरहेका छन् । हाम्रो जस्ता विकासोन्मुख देशले जलवायु परिवर्तन गराउन योगदान नगरे पनि यहाँको भौगोलिक विशिष्टता, सामाजिक तथा आर्थिक संरचना र सांस्कृतिक मूल्य मान्यताले गर्दा जनजीवन बढी कष्टकर बनेको छ ।

## जलवायु परिवर्तनको सवालमा समता

मानव विकासको क्षेत्रमा समतालाई एक शक्तिशाली अवधारणको रुपमा लिइन्छ । यसलाई जीवनको अवसरको रुपमा पनि लिने गरिन्छ । मानव समाज र विश्वव्यापी पर्यावरणको बहस यतिवेला समताको सवालमा केन्द्रित भएको छ । शाब्दिक अर्थमा समता भनेको निस्पक्ष, कानुनमा आधारित, न्याय र समानताको खातिर खास अवस्थामा कानुनको अधिनमा रही गरिने निर्णयहरुलाई समेत इंगित गर्दछ । समताले असमान र समानलाई एउटै श्रेणीमा राखी असमानलाई पूरक व्यवस्था गरेर समान बनाई दुवैको बीचमा समानता कायम गराउने माध्यमको काम गर्दछ । समग्रमा समता समानता ल्याउने माध्यम, नीति, रणनीति र मार्ग हो । समानता अन्तिम लक्ष्य हो भने समता (equity) लाई त्यहाँसम्म पुग्ने बाटोको रुपमा बुझ्नुपर्दछ ।

जलवायु परिवर्तनको प्रत्यक्ष प्रभावमा पर्ने, वन र वातावरणसँग प्रत्यक्ष सरोकार राख्ने, दिगो व्यवस्थापन र उपयोगमा प्रत्यक्ष संलग्न समुदाय जो वर्षौंदेखि गरिब र सामाजिक वञ्चितीकरणको मारमा परी सामाजिक, आर्थिक, राजनीतिक तथा अन्य दृष्टिकोणबाट पछाडि परेका समुदायको क्षमता अभिवृद्धि गरी सक्रिय सहभागी हुने वातावरणको सिर्जना गर्नु समानताको दृष्टिबाट अत्यन्तै आवश्यक छ । अविकसित मुलुकभित्रका ग्रामीण क्षेत्र र त्यहाँ बसोबास गर्ने समुदाय, जो वन क्षेत्र माथि जीविकोपार्जनका लागि प्रत्यक्ष निर्भर छन्, उनीहरुले स्रोत र साधनको उपभोगमा अवसर र पहुँचको अनुभूति गर्न पाइरहेका छैनन् । जसले गर्दा उनीहरुको राजनीतिक, सामाजिक र आर्थिक पहुँच दयनीय छ । यही समुदायलाई आज हामी विपन्न, वनमा आश्रित, बहिस्करणमा परेको उपमा दिएर चिनाइरहेका छौं । वातावरणको विनाश तथा जलवायु परिवर्तनको असरबाट सवैभन्दा बढी प्रभावित पनि यिनै हुन् । वनमा प्रत्यक्ष आश्रित समुदाय, महिला, दलित र बहिस्करणमा परेको वर्गले सबैभन्दा बढी दुःख पनि पाउँछन् ।

## रेडप्लसमा क्षमता अभिवृद्धि

रेडप्लसमा क्षमता अभिवृद्धि शब्द निकै प्रचलित हुँदै आएको छ । रेडप्लस कार्यान्वयन गर्ने राष्ट्रले रेडको क्षमता अभिवृद्धि गर्ने क्रियाकलापको योजना बनाउनु पर्ने हुन्छ । यसका लागि समग्रमा क्षमता अभिवृद्धि क्रियाकलापको आवश्यक लेखाजोखा गर्न आवश्यक हुन्छ । क्षमता अभिवृद्धि मूलतः व्यक्ति विशेषसँग सरोकार राख्ने कुरा हो । व्यक्ति वा संगठित वा असंगठित समूहहरुको क्षमता अभिवृद्धिविना विकासको प्रतिफल लक्षित

[1] पत्राचारः ganeshbk2@gmail.com

समुदायसम्म पुऱ्याउन र दिगो रुपमा कार्यान्वयन गर्न सकिंदैन । स्थानीय समुदाय (दलित, आदिवासी, महिला आदि) को सम्बन्धित विषयमा व्यक्तिगत क्षमतामा केही अभिवृद्धि गर्नु नै आधारभूत रुपमा क्षमता अभिवृद्धि हो । रेडप्लस आफैमा आयातित शब्द भएको हुँदा स्थानीय समुदायलाई नौलो लाग्नु स्वभाविक हो । रेडसम्बन्धमा आधारभूत विषयवस्तुलाई सरल र सहज रुपमा स्वतन्त्र, अग्रिम र सुसूचित हुनेगरी स्थानीय समुदायलाई जानकारी गराउनुपर्छ । यसो नगराइकन रेडप्लस सम्बन्धमा विभिन्न नीति तथा रणनीति निर्माण गरी योजना बनाउँदा यसको दीर्घकालिन कार्यान्वयन हुन कठिन हुन्छ र लक्षित समुदायको सहभागिता, प्रतिनिधित्व र न्यायोचित लाभांश वितरणमा चुनौती थपिने छ ।

## ग्रामीण समुदायको अवस्था

नेपाली समाज पितृसत्तात्मक सोच र चिन्तनबाट अगाडि बढिरहेको छ । देशका अधिकांश नीति-नियम पुरुषप्रधान हुनेगरी निर्माण भएको देखिन्छ । परम्परादेखि नै हरेक क्षेत्रमा पहुँच र अवसरबाट सम्भ्रान्त पुरुषहरुकै क्षमता अभिवृद्धि भएको देखिन्छ । परिणामस्वरुप महिला, दलित, आदिवासी र विपन्न समुदाय समग्र निर्णय प्रक्रियाबाट बञ्चित छन् । हाम्रो ग्रामीण समुदाय बहुजाति, भाषा, संस्कृतिमा विभक्त छ र भौगोलिक विकटताको कारणले पनि समग्र विकास र क्षमता अभिवृद्धिमा भिन्नता छ । नेपालको समग्र वन स्रोत व्यवस्थापनसँग सम्बन्धित नीति, ऐन, नियम, रणनीति र निर्देशिकाले सरोकारवाला तथा अधिकारवालासहित समाजका गरिब, महिला तथा सीमान्तकृत समुदायलाई समेत समग्र स्रोत व्यवस्थापनमा समावेशीकरण गर्न प्रोत्साहन गर्ने गरेको पाइन्छ । यद्यपि, समुदायमा आधारित सहभागितामूलक पद्धतिमा सफल ढंगले व्यवस्थापन भएको सामुदायिक वन व्यवस्थापनमा प्रस्ट नीति-नियम हुँदाहुँदै पनि विभिन्न वर्ग र तहमा विभाजित हाम्रो समाजमा विभिन्न लैंगिक, वर्गीय, जातीय, धार्मिक, भौगोलिक स्थान र चाहनामा विविधता रहेको पाइन्छ । उदाहरणका लागि सामुदायिक वनको लक्षित वर्गको विश्लेषण गर्ने हो भने उनीहरुको निर्णय प्रक्रियामा प्रतिनिधित्व कम छ । उनीहरु समिति, सभा, सम्मेलन, तालिम गोष्ठीमा आफ्ना आवश्यकतालाई प्रस्ट रुपमा व्यक्त गर्नेसक्ने अवस्थामा छैनन् । यदि बोलिहाले पनि उनीहरुको आवाजको सुनुवाई भइरहेको छैन । आवाज तथा भावनालाई सुनुवाई गरे पनि आधिकारिक रुपमा उठाएर छलफलको केन्द्रविन्दु बनाइँदैन । यदि सुनुवाई कथमकदाचित भयो भने सरल र प्राथमिकताका साथ कार्यान्वयन हुने अवस्था छैन । वन समूहका समितिभित्र अधिकार र अवसरलाई समान रुपमा उपभोग गर्ने पद्धतिको संस्थागत विकास हुन सकेको छैन । समूह र समितिभित्रबाट अवसर पाएर ज्ञान सीप हासिल गरेपछि त्यसको आदाप्रदान गर्ने प्रणालीलाई कार्यान्वयन गरिएको छैन ।

## वन, जलवायु र रेडप्लसको सन्दर्भमा समता

विकासको सन्दर्भमा समता नयाँ अवधारणा होइन । जलवायु परिवर्तन तथा वातावरणीय सवाल विश्वव्यापी रुपमा समताको सवालमा केन्द्रित भएर अन्तर्राष्ट्रिय बहस अगाडि बढिरहेका छन् । रेडप्लसको सन्दर्भमा पनि समताको बहस अपवाद हैन । रेडप्लसको विमर्शमा हालसम्म अन्तर्राष्ट्रियस्तरमा समताको सवाललाई केन्द्रित गरिएको छ । तर, राष्ट्रिय र स्थानीय समताका सवाललाई छलफलको केन्द्रविन्दु बनाइएको देखिंदैन । अन्तर्राष्ट्रिय समताका सन्दर्भमा मुख्यतया विकसित देशहरुको कार्बन उत्सर्जनमा ऐतिहासिक जिम्मेवारी र तद्अनुरुपको उत्सर्जन न्यूनीकरणका लागि विकासोन्मुख देशलाई आर्थिक सहयोग गर्नुपर्ने दायित्वमा केन्द्रित हुने गरेको छ । राष्ट्रियस्तरमा समताको सन्दर्भमा रेडप्लस परियोजनाले जीविकोपार्जन, भोगाधिकार, कार्बन अधिकार र सहभागिताले निर्णय प्रक्रियामा पार्ने प्रभाव रहेका छन् । रेडप्लसलाई हाल आएर ऐतिहासिक रुपमा बहिष्करणमा परेका आदिवासी समुदाय र वनमा आश्रित समुदायका आवश्यकता पूरा गरी जीविकोपार्जनमा सुधार गर्ने एक अवसरका रुपमा लिइएको छ, यद्यपि यो अत्यन्तै चुनौतीको रुपमा रहेको देखिन्छ ।

## समतालाई वेवास्ता गर्दा पर्नसक्ने प्रभाव

जलवायु परिवर्तन र रेडप्लसमा मात्र नभई समताका सवाल अन्य वातावरणीय सेवा जस्तैः जलाधार व्यवस्थापन, ठूलठूला खानी, काठ निष्कासन, र वंशानुगत स्रोत मुख्यगरी अधिकार, पहुँच, उपभोग, लाभांश र जीविकोपार्जनको क्षेत्रमा ऐतिहासिककालदेखि नै स्थानीयस्तरमा समताको सवालमा चुनौतीहरु देखिएका छन् । ऐतिहासिक प्रमाणले के देखाउँछन् भने महत्वपूर्ण प्राकृतिक स्रोत, जसको

व्यवस्थापन र उपभोग शताब्दीऔंदेखि उक्त स्रोतमा आश्रित समुदायले गरिरहेका छन् । उनीहरुलाई राज्य वा निजी क्षेत्रले वेवास्ता वा विस्थापन नै गरेका कारणले प्राकृतिक स्रोतको व्यवस्थापन र उपभोगमा द्वन्द्व सिर्जना हुने गरेको छ ।

समुदायमा आधारित दिगो वन व्यवस्थापनको सिकाइले के देखाउँछ भने कुनै पनि नीति नियम, रणनीति, योजना र कार्यक्रमहरु सामाजिक रुपले स्वीकार्य, वातावरणीय रुपले सन्तुलन र आर्थिक रुपले प्रभावकारी हुने समुदायको विविध आवश्यकतालाई मध्यनजर नगरी कार्यान्वयन गर्न सकिदैन । यसरी समताका सवाललाई सम्बोधन गर्न सकिएन भने रेडप्लसको प्रभावकारी र किफायती कार्यान्वयन नहुन सक्छ । यसले गर्दा जहाँ रेडप्लसको क्रियाकलाप संञ्चालन गर्नुपर्ने हो, त्यस्तो क्षेत्रमा वनमा स्रोतमा आश्रित समुदायले आफ्नो परम्परागतदेखि चलिआएको जीविकोपार्जनमा केही हदसम्म सम्झौता गर्नुपर्ने हुन्छ । अन्ततः कार्यान्वयन र उपभोगमा द्वन्द्वको सिर्जना हुन्छ र वन विनाशका क्रियाकलापहरु निरन्तर भइरहने अवस्था सिर्जना हुन जान्छ ।

## नेपालको सन्दर्भमा सुरक्षा मापदण्ड

अन्तर्राष्ट्रिय मापदण्ड र स्थानीय समुदायको अधिकार संरक्षण गर्ने सन्दर्भमा जलवायु परिवर्तन तथा रेडप्लससँग सम्बन्धित नीति तथा परियोजना निर्माण तथा कार्यान्वयनमा सहभागी हुने अवसर सुनिश्चित गर्नका लागि सुरक्षा मापदण्ड शब्द प्रयोग गरिएको छ । सुरक्षा मापदण्डले कसैलाई पनि हानि नगरी सुनिश्चित गर्ने प्रयास गरिएको रेडप्लसमा समताको सवाललाई सम्बोधन गर्नका लागि सुरक्षासम्बन्धी अवधारणा महत्वपूर्ण विषयको रुपमा विकास भएको छ । रेडप्लस कार्यान्वयनबाट कुनै पनि क्षेत्रको सामाजिक, वातावरणीय र वन सुशासनको क्षेत्रमा सकारात्मक तथा नकारात्मक दुवै किसिमका प्रभाव पर्न सक्छ । रेडप्लस, अब एउटा अवधारणामा मात्रा सीमित नरही यो समग्र वन व्यवस्थापन प्रणाली तथा स्थानीय समुदायको जीविकोपार्जनसँग सम्बन्धित एक नीतिगत औजारको रुपमा विकसित हुँदै आएको छ । वन स्रोतमाथि निर्भरहरुको जीविकोपार्जलाई असर पर्ने गरी कार्यक्रम कार्यान्वयन गर्दा यसको दिगोपना माथि नै प्रश्नचिह्न पैदा हुन्छ । वनको दिगो व्यवस्थापनविना रेड कार्यक्रम असम्भव प्रायः छ भने दिगो व्यवस्थापनका निमित्त स्थानीय समुदायको सक्रिय सहभागिता र वन स्रोतमा आधारित समुदायको सामाजिक आवश्यकता निरन्तर पूरा हुनु पर्दछ ।

रेडप्लसमा सामाजिक, वातावरणीय र सुशासन सुरक्षासम्बन्धी व्यवस्थाका लागि जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि पक्षराष्ट्रहरुको मेक्सिकोको क्यानकुनमा भएको सम्झौताको रेडप्लसमा सुरक्षाको ७ वटा सिद्धान्तमध्ये चौथो नम्बरको सुरक्षाको सिद्धान्तले समताको सवालमा बढी जोड दिएको छ । यसअनुसार, *रेडअन्तर्गतका कार्यक्रमहरु सञ्चालन, रेडसम्बन्धी राष्ट्रिय रणनीति र योजना निर्माण, वनसम्बन्धी आधारविन्दुहरुको तयारी र रेडको अनुगमन प्रणाली विकास गर्दा खासगरी आदिवासी एवं स्थानीय समुदाय र सम्बद्ध सरोकारवालाको पूर्ण र प्रभावकारी सहभागितालाई प्रवर्द्धन गरिनेछ ।*

रेडप्लसमा सुरक्षाका लागि क्यानकुन सिद्धान्तहरु, रेडप्लसको सम्भावित प्रभाव न्यूनीकरणका लागि वन कार्बन साझेदारी कार्यक्रमको वातावरणीय र सामाजिक रणनीतिक मूल्यांकन प्रक्रिया र रेडप्लसका लागि स्वेच्छिक रुपमा सामाजिक र वातावरणीय मापदण्ड अवलम्वन गर्ने भएकाले यी मापदण्ड तयारी तथा कार्यान्वयन चरणमा नेपालको सन्दर्भमा समताका सवालहरुलाई सम्बोधन गर्नु महत्वपूर्ण छ ।

## समताको वर्गीकरण

समताको वर्गीकरण McDermott *et al.* (2011) बाट विश्लेषण गरिएको हो । यहाँ समतालाई निम्नअनुसार व्याख्या गर्न प्रयत्न गरिएको छ ।

| आयामहरु | केन्द्र विन्दु | समताका सवाल |
|---|---|---|
| वितरणशील | मुनाफा तथा लागत बाडफाँट | अस्पस्ट र पक्षपातपूर्ण मुनाफा वितरण प्रणाली प्रस्ताव, प्रस्तावित आम्दानीभन्दा रेडप्लसको स्थानीय अवसर मूल्य बढ्ता हुनु, बजारको उतारचढावले कार्बनको अनिश्चिततातिर निर्देशित, |
| प्रक्रियात्मक वा सहभागितात्मक | प्रक्रिया, आवाज, निर्णय प्रक्रिया | सूचनाको अभाव, विभिन्न तहमा सरोकारवालाबीच पारदर्शिताको अभाव, गुनासो सुनुवाई संयन्त्र प्रस्ट नहुनु, प्रतिनिधित्व हुने संयन्त्र प्रभावकारी नहुनु, विशेष समूहको सहभागिता न्यून वा नहुनु, |
| परिवेशमुलक | प्रारम्भिक अवस्था | जमिन वितरण र उपभोगमा द्वन्द्व, परम्परागत अधिकार र अपनत्वमा कानुनीरुपमा पहिचान नहुनु, स्रोतको प्रयोगको सिमांकन र अस्पष्ट जिम्मेवारी, ऐतिहासिक कालदेखि विशेष सरोकारवालाले स्रोतमाथि नियन्त्रण कायम राख्नु, कमजोर क्षमताको कारण विपन्न तथा बहिष्कृत समुदायले आफ्नो आवश्यकता, आवाज तथा दृष्टिकोणलाई प्रस्ट व्यक्त गर्न नसक्नु, |

**सहभागिता र समताः**

समताको दृष्टिकोणबाट निर्णय प्रक्रिया र पद्धतिमा सहभागितालाई मुख्य आधार बनाउन सकिएन भने न्यायोचित उपलब्धि हासिल गर्न सकिदैन । कुनै पनि क्रियाकलापको दिगो कार्यान्वयन र सहदायित्वको निमित्त समान सहभागिताले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । रेडप्लस अन्तर्राष्ट्रियस्तरदेखि स्थानीय तहसम्म विभिन्न संघसंस्था तथा समुदायको सहभागिताबिना नीति निर्माण र विधि प्रक्रिया अगाडि बढाउनाले दिगो कार्यान्वयन र सहदायित्वको जिम्मेवारी नहुने हुन्छ । रेडप्लसका विभिन्न तहमा समान सहभागिताका लागि निम्न अवस्थाले बाधाअड्चन सिर्जना हुन्छ ।

| स्तर | बाधाअड्चन |
|---|---|
| सीमान्तकृत समूह | दैनिक जीविकोपार्जनमा व्यस्त, सूचनाको पहुँच कम, क्षमता तथा सशक्तीकरणको अभावले आफनो आवश्यकता तथा आवाजलाई व्यक्त गर्न नसक्नु, संरचनात्मक प्रतिनिधित्व सुनिश्चित नहुनु, प्रभावकारी संलग्नता र भूमिकाको लागि पर्याप्त अनुभव नहुनु, लैगिंक असमानता, भौगोलिक विकटता आदि । |
| राष्ट्रिय बहुसरोकार तह | “टप टु डाउन” मानसिकता र पद्धति, आन्तरिक प्रतिस्पर्धा, राजनैतिक इच्छाशक्तिको सीमितताले वृहत सहभागिता नुहुन, लामो समय लाग्नु, निर्णयकर्तालाई प्रस्ट जिम्मेवारी नहुनु, सहभागिता र आवाजलाई समरुप बनाउन कम प्रयास गर्नु, |
| अन्तर्राष्ट्रिय तह | भाषिक समस्या, लैगिंक असमानता, युवाहरुको प्रतिनिधित्व कम, आर्थिक स्रोतको अभावले सहभागि हुन नसक्नु, विज्ञताको अभावले आफ्नो कुरा प्रस्ट राख्न नसक्नु, |

*Source: McDermott et al. (2011)*

## रेडप्लसका चुनौती

- हाल जलवायु परिवर्तन, रेडप्लस र कार्बन व्यापारको सन्दर्भमा सरोकारवाला तथा अधिकारवाला समक्ष क्षमता अभिवृद्धिका क्रियाकलाप अत्यन्तै सतही रुपमा निश्चित क्षेत्र तथा वर्गमा मात्र सञ्चालन भएको छ। क्षमता अभिवृद्धिका पर्याप्त स्रोत सामाग्रीहरु सरल, सुलभ र स्थानीय समुदायको आवश्यकतामा मेल खानेगरी विकास तथा प्रकाशन हुन सकेका छैनन्। नेपाल सरकारले तयार गरेको रेडको मार्गदर्शनको रुपमा हेरिएको रेडप्लस तयारी प्रस्तावना (आर.पी.पी.) राष्ट्रिय भाषामा समेत तयार गर्न सकिएको छैन। यसले रेडप्लस सम्बन्धमा मार्गदर्शन गरिएको कुराबारे प्रष्ट रुपमा अधिकारवाला तथा सरोकारवालाहरु अनविज्ञ रहेको स्पष्ट हुन्छ।
- जलवायु परिवर्तन तथा रेडप्लसमा क्षमता अभिवृद्धिका लागि संस्थागत तथा प्राविधिक रुपमा प्राप्त सहयोग सहरकेन्द्रित भएका छन्। त्यसैले यसमा जसको पहुँच उनीहरुको हालीमुहाली भएको देखिन्छ। यसको अनुगमन तथा मूल्यांकन प्रणाली व्यवस्थित भएको छैन। लक्षित वर्ग भनेर पहिचान गरिएका दलित, वनमा आश्रित समुदाय, महिला, बहिस्करणमा परेका समुदायको यसमा न्यून सहभागिता छ।
- नेपालमा एक सफल कार्यक्रमको रुपमा रहेको सामुदायिक वन व्यवस्थापन पद्धतिअन्तर्गत समुदायले साना-साना वन क्षेत्रदेखि तुलनात्मक रुपमा ठूला-ठूला चाक्ला वन क्षेत्रहरु सफलता पूर्वक व्यवस्थापन गरि रहेका छन्। यस्ता टुक्रा वनलाई समेटेर कार्बन व्यापारमा संलग्न हुँदा व्यवस्थापकीय दृष्टिकोणबाट प्राविधिक प्रक्रिया पूरा गर्न, क्षमता अभिवृद्धि गर्न र प्राप्त लाभलाई वितरण गर्दा आर्थिक रुपले फाईदाजनक हुने देखिंदैन।
- रेडप्लस संयन्त्रबाट कार्बन व्यापारमा जाने सन्दर्भमा हाम्रो ग्रामीण समुदायमा जहाँ बढ्दो जनसंख्या र उत्पादनमूलक वन क्षेत्र कम रहेको अवस्थामा साथै वनलाई जीविकोपार्जनको मुख्य स्रोतको रुपमा वनमा निर्भर समुदायले व्यवस्थापन गरेका वन क्षेत्रहरु कार्बन व्यापारमा सम्झौता गरेर वैकल्पिक आवश्यकताको परिपूर्ति गर्ने स्रोतविना समुदायले दिगो रुपमा सम्झौताको कार्यान्वयन गर्छन् भन्ने विषय चुनौतीपूर्ण रहेको छ।
- राष्ट्रिय रुपमा निर्माण भइरहेका नीति, रणनीति तथा योजनाहरु परामर्शदाताको समय, चाहना र निर्देशनअनुसार तयार भइरहेका छन्। विज्ञको नाममा परामर्शदाताहरुको समयको अनुकुलता र बजेटको सीमालाई आधार बनाएर यस्ता दीर्घकालीन महत्वका नीति तथा रणनीति यसरी निर्माण हुँदा कसरी लक्षित वर्गको आवाजलाई सम्बोधन गर्न सक्छ, यी नीति तथा रणनीतिबाट भविष्यमा दिगो रुपमा रेड कार्यान्वयन गर्न सहयोग पुग्छ र समताको सवाल सम्बोधन हुन्छ भन्ने कुरा अत्यन्तै चुनौतीपूर्ण रहेको छ।

## सन्दर्भ सामाग्री


**Edwards, K.** 2013. Improving Equity in REDD+: A manual for Training Grassroots Facilitators First Draft For RECOFTC.

**IPCC**. 2007. Fourth Assessment Report of Intergovernmental Panel on Climate Change.

**McDermott, M., Mahanty, S. and Schreckenberg, K.** 2011. Defining Equity: A framework for evaluating equity in the context of ecosystem services.' Ecosystem Services for Poverty Alleviation Programme (ESPA), UK.

**Peskett, L., Vickers, B. and Graham, K.** August 2011. Equity Issues in REDD+ : Working paper produced for the project : "Safeguarding local equity as global values of ecosystem services rise".

**Timsina, N.P. and Luintel, H. 2003.** Equity and Social Justice in Natural Resource Management: A discussion note: Forest Action Nepal.

**रेडप्लसमा सुरक्षा मापदण्डहरु,** सत्र ८, रेडप्लस तालिम सहजीकरण अध्ययन सामग्री २०७०।

**ओझा, हेमन्त.** २०६७. नेपालमा रेडको बहस वन कार्बन व्यापारको सम्भावना र चुनौती, *हाम्रो वन सम्पदा*, वर्ष ८ अंक २: ५७-६१।